समृद्ध खाँदबारी नगर'

# खाँदबारी नगरपालिका

खाँदबारी, संखुवासभा, १ नं. प्रदेश, नेपाल ।

## नगरकार्यपालिकाको बैठक

बैठक मिति: २०७९/०३/०३ बैठक संख्या: ३

बैठक प्रारम्भ समय: विहान ११:०० बजे बैठक समापन समय: बजे

आजको नगरकार्यपालिकाको बैठकले कार्यसूचीका आधारमा देहाय अनुसार निर्णयहरु सर्वसम्मत रुपमा पारित गरेको छ ।

<u>निर्णयहरु</u>

१. कार्यपालिका बैठकमा पेश भएको खाँदबारी नगरपालिकाको नागरिक बडापत्र सुझाव सहित पारित गरी कार्यान्वयन गर्ने।

२. खाँदबारी नगरपालिकाको बाह्रौं नगरसभा मिति २०७९ असार १० गते दिनको ११.०० बजे खाँदबारी नगरपालिकाको सभाहलमा बस्ने तथा सो नगरसभामा पेश गरिने कार्यक्रम छनौट प्रयोजनार्थ देहाय बमोजिम वडासभा सञ्चालन गर्ने।

वडा नं. १ को मिति २०७९/०३/०८ गते
वडा नं. २ को मिति २०७९/०३/०७ गते
वडा नं. ३ को मिति २०७९/०३/०८ गते
वडा नं. ४ को मिति २०७९/०३/०७ गते
वडा नं. ५ को मिति २०७९/०३/०७ गते
वडा नं. ६ को मिति २०७९/०३/०८ गते
वडा नं. ७ को मिति २०७९/०३/०८ गते
वडा नं. ८ को मिति २०७९/०३/०८ गते
वडा नं. ९ को मिति २०७९/०३/०८ गते
वडा नं. १० को मिति २०७९/०३/०५ गते
वडा नं. ११ को मिति २०७९/०३/०७ गते

३. कर्मचारी व्यवस्थापन (सेवा शर्त सम्बन्धी) ऐनको संघीय तथा प्रादेशिक कानूनसँग नबाझिने गरी मस्यौदा तयार गरी आगामी कार्यपालिका बैठकमा पेश गर्ने।

४. खाँदबारी नगरक्षेत्रभित्रका एकल महिला तथा ग वर्गको परिचयपत्रवाहक अपाङ्गता भएका ब्यक्तिहरुलाई चाडपर्व खर्च वापत बार्षिक रु.२,०००।– प्रदान गर्न आगामी नगरसभा मार्फत वजेट विनियोजन गर्ने।

५. अमेरिकाको सुपेरियर सिटिसँग खाँदबारी नगरपालिकाको भगिनी सम्बन्धको लागि हस्ताक्षर भईसकेको तथा सुपेरियर सिटीको प्रमुखबाट यस नगरपालिकाका पदाधिकारी सहितको टिमलाई भ्रमणको लागि निम्तो आएको हुँदा उक्त निम्तोलाई स्वीकार गर्ने।

६. स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६५ बमोजिमको स्थानीय राजस्व परामर्श समितिमा कार्यपालिकाले तोकेको एक महिला सहित कार्यपालिका सदस्यहरुमध्येबाट कार्यपालिका सदस्य श्री निरञ्जन श्रेष्ठ र श्री पवित्रा कुमारी गुरुङलाई मनोनयन गर्ने।

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८४ उप दफा २ (ज) अनुसार कार्यपालिकाको निर्णय प्रमाणित गर्ने ।

प्रमुख प्रशासकीय अधिकृत

समृद्ध खाँदबारी नगर'

# खाँदबारी नगरपालिका

खाँदबारी, संखुवासभा, १ नं. प्रदेश, नेपाल ।

## नगरकार्यपालिकाको बैठक

बैठक मिति: २०७९/०३/०३ बैठक संख्या: ३

बैठक प्रारम्भ समय: विहान ११:०० बजे बैठक समापन समय: बजे

७. स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६६ बमोजिमको श्रोत अनुमान तथा सिमा निर्धारण समितिमा कार्यपालिकाले तोकेको महिला, दलित, अल्पसंख्यक समेतको प्रतिनिधित्व हुने गरी कार्यपालिका सदस्यहरुमध्येबाट कार्यपालिका सदस्य श्री नरेन्द्र राई मेवाहाङ, श्री इन्द्रमाया बराइली, श्री विमलराज गौतम र श्री देवबहादुर पुँवार मगरलाई मनोनयन गर्ने ।

८. यस नगरपालिकाको नगर परिसरमा सञ्चालनमा रहेको क्यान्टिन सञ्चालक श्री युजन खाजा घरको सञ्चालन अवधी निजको माग बमोजिम अध्ययन गरी गत आ.व.को शूल्कमा १०% बृद्धी गरी आगामी आ. व. को लागि म्याद थप गर्ने ।

९. खाँदबारी नगरपालिकाको आ. व. २०७८/७९ मा विनियोजित योजनाहरुमध्येबाट हालसम्म कार्य भईरहेका तथा योजनाको सम्झौता अवधी सकिएका देहाय बमोजिम योजनाहरुको म्याद २०७९ असार २० सम्म थप गर्ने ।

देहाय:

| क्र.सं. | योजना तथा कार्यक्रमको नाम | वडा नं. | कैफीयत |
|---|---|---|---|
| १ | लोटस होटल देखि हाइवेसम्म बाटो स्तरबृद्धी | १ | |
| २ | खाँदबारी नगरपालिका-1 मा रहेको पोखरी पार्क निर्माण | १ | |
| ३ | नेवा:मिसा दवू खाँदबारी नगर समिति नेवारी गरगहना खरिद कार्यक्रम | १ | |
| ४ | सात कुवादेखि तेम्वाको घरसम्म जाने बाटो निर्माण | १ | |
| ५ | सात कुवा धारामा सार्वजनिक ट्रष्ट निर्माण | १ | |
| ६ | जनसेवा पुस्तकालय खाँदबारीलाइ पुस्तक खरिद तथा व्यावस्थापन कार्य | १ | |
| ७ | चिसापानी समाज तालिम केन्द्र भवन निर्माण | ३ | |
| ८ | ठूलो ढुङ्गा पर्यटकिय पूर्वाधार निर्माण | ३ | |
| ९ | मंगलादेविथान गुवाबारी माल्टा सडक स्तरोन्नती | ३ | |
| १० | मंगलादेविथान देखि मिगुर शेर्पाको घर हुदै हिरामणी घरबाट राजन खड्काको बारी खोल्छि जने ढल तथा बाटो निर्माण | ३ | |
| ११ | पूर्णेश्वर शिव मन्दिर संरक्षण | ३ | |
| १२ | पर्यटकिय पदमार्ग 5005सिढी निर्माण | ४ | |
| १३ | चप्लेटी खोला बाटो मर्मत | ४ | |
| १४ | वडाको डकुमेन्ट्री निर्माण खाँदबारी-5 | ५ | |
| १५ | लेलुवा लप्से सडक मर्मत तथा निर्माण | ५ | |
| १६ | मागध कृषि केन्द्र (पोषण डेरी )व्यावस्थापन | ५ | |
| १७ | महाजन चौतारा पाङ्दुरे मोटरबाटो स्तरोन्नती | ५ | |
| १८ | नौविसे हिंगुवा मोटरबाटो निर्माण | ६ | |

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८४ उप दफा २ (ज) अनुसार कार्यपालिकाको निर्णय प्रमाणित गर्ने ।

समृद्ध खाँदबारी नगर'

# खाँदबारी नगरपालिका

खाँदबारी, संखुवासभा, १ नं. प्रदेश, नेपाल ।

## नगरकार्यपालिकाको बैठक

बैठक मिति: २०७९/०३/०३ बैठक संख्या: ३

बैठक प्रारम्भ समय: विहान ११:०० बजे बैठक समापन समय: बजे

| | | | |
|---|---|---|---|
| १९ | रुद्र कार्कीको घरछेउबाट जनक कार्कीको घर हुदै भिमबहादुर विकको घर माथीको घुम्तिसम्म बाटो निर्माण | ७ | |
| २० | माट्स नेपाल द्धारा संचालित बाल हेल्पलाइन 1098 कार्यक्रम व्यावस्थापन | ७ | |
| २१ | हिमालय किरण क्याम्पस खेलमैदान निर्माण | ७ | |
| २२ | हिमालय किरण पब्लिक क्याम्पस रंगरोगन तथा मर्मत | ७ | |
| २३ | नगरपालिका गेट देखि खेलमैदानसम्म बाटो स्तरोन्नती | १/७ | |
| २४ | खा.न.पा. 8 र 9 खानेपानी ट्याकी निर्माण | ८/९ | |
| २५ | खानपा-8 पिप्ले विद्युत कार्यालय जानेबाटो मर्मत | ८ | |
| २६ | अधेरी रयाले सामुदायीक वनको पानी पोखरी निर्मण | १० | |
| २७ | शिवालय मन्दिर भौतिक व्यावस्थापन | ११ | |
| २८ | चारधारा विश्राम स्थल पाटी निर्माण | ११ | |
| २९ | हरियालि कृषि भवन निर्माण क्रमागत | ११ | |
| ३० | अन्तरपुस्ता सिप हस्तान्तरण कार्यक्रम सञ्चालन | १ | |
| ३१ | बुद्धटोल महिला संस्था कार्यालय व्यवस्थापन फर्निचर खरिद | १ | |
| ३२ | पर्यटकीय तथा विकास निर्माणको भिडियो सामाग्री तयार | ८ | |
| ३३ | अँधेरी रयाले सा. व. उ. स. पानीपोखरी निर्माण | १० | |
| ३४ | दलित सिप विकास तालिम | १ | |

१०. नगरपालिकाका प्रमुख र उपप्रमुखले संघीय, प्रादेशिक तथा नगरपालिकाको कानून बमोजिम पाउने निजी/स्वकीय सचिव र सचिवालय सुविधा प्रदान गर्ने ।

११. प्रदेश सरकारबाट चालु आ.व. ०७८/७९ को लागि सशर्त अनुदानको रुपमा प्राप्त विपन्न, दलित, सिमान्तकृत महिलाहरुको लागि आत्मनिर्भर कार्यक्रम सञ्चालनको लागि खाँदबारी नगरपालिकाको वडा नं. ५ छनौट गरी कार्यक्रम सञ्चालन गर्ने ।

**आगामी बैठक आवश्यकतानुसार बस्ने गरी आजको बैठक यही अन्त्य गरियो ।**

स्थानीय सरकार संचालन ऐन २०७४ को द
८४ उप दफा २ (ज) अनुसार कार्यपालिकाको
निर्णय प्रमाणित गर्ने ।

युवराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत